## बैठक संख्या-३

आज मिति २०७९।५।१ गते बुधवारका दिन यस सुवर्ण गाउँपालिका अध्यक्ष श्री राजेश प्रसाद यादवज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

### उपस्थिती

| | |
|---|---|
| १. श्री राजेश प्रसाद यादव- अध्यक्ष | संयोजक |
| २.श्रीमती पुनम कुमारी- उपाध्यक्ष | सदस्य |
| ३.श्री रामबेदया राउत अहिर- वडा नं.-१ अध्यक्ष | ,, |
| ४.श्री रंजित प्रसाद यादव- वडा नं.-२ अध्यक्ष | ,, |
| ५.श्री रामक्षत्री प्रसाद – वडा नं.-३ अध्यक्ष | ,, |
| ६.श्री झकड प्रसाद यादव- वडा नं.-४ अध्यक्ष | ,, |
| ७.श्री रामएकवाल साह कलवार- वडा नं.-५ अध्यक्ष | ,, |
| ८.श्री शिवधारी दास तत्वा- वडा नं.-६ अध्यक्ष | ,, |
| ९.श्री जितेन्द्र प्रसाद यादव- वडा नं.-७ अध्यक्ष | ,, |
| १०.श्री शैबुल्लाह मियाँ कुजड़ा- वडा नं.-८ अध्यक्ष | ,, |
| ११.श्री बिजय कुमार सिंह- कार्यपालिका सदस्य | ,, |
| १२.श्री सत्यनारायण ठाकुर-कार्यपालिका सदस्य | ,, |
| १३.श्रीमती किसमतिया देवी-कार्यपालिका सदस्य | ,, |
| १४.श्रीमती बृहस्पती देवी- कार्यपालिका सदस्य | ,, |
| १५.श्रीमती धनेश्वरी देवी- कार्यपालिका सदस्य | ,, |
| १६.श्रीमती लक्ष्मी देवी- कार्यपालिका सदस्य | ,, |
| १७.श्री नवीन कुमार श्रीवास्तव- प्र.प्र.अ. | सदस्य सचिव |

CamScanner

प्रस्ताव नं.-१- अख्तियारी दिने सम्बन्धमा।

निर्णय नं.-१- प्रस्ताव नं.-१ माथी छलफल गर्दा निवेदक प्रमोद प्रसाद यादव समेत भएको मुद्दा नं.०७९-WO-००६१ को उत्प्रेषण परमादेश मुद्दा र निवेदक रामाकान्त प्रसाद यादव समेत भएको मुद्दा दर्ता नं.०७९-WO-०६२ को उत्प्रेषण परमादेश मुद्दा मा यस सुवर्ण गाउँकार्यपालिकाको कार्यालय,गाउँपालिका अध्यक्ष राजेश प्रसाद यादव, गाउँकार्यपालिकाका सदस्यहरु,गाउँपालिका कार्य समिति, प्रमुख प्रशासकिय अधिकृत तथा पुनरावलोकन समितीका अध्यक्ष नवीन कुमार श्रीवास्तव, स्वास्थ्य संयोजक तथा पुनरावलोकनकर्ता सदस्य सुरेन्द्र प्रसाद साह र नायब सुब्बा तथा सुपरिवेक्षक रामानन्द प्रसाद यादव समेतलाई बिपक्षी बनाई श्री सम्मानित उच्च अदालत अस्थायी ईजलास बीरगंजमा दिनुभएको दुबै मुद्दाहरुमा सम्मानित अड्डा अदालतमा लिखित जवाफ, प्रतिउतर, निवेदन तथा फिराद दायर गर्नुका साथै सम्मानित अदालतमा उपस्थित भई रुजु हाजिर रही मुद्दा पुर्पक्ष गर्नको लागि यस सुवर्ण गाउँकार्यपालिकाका सदस्य बिजय कुमार सिंहलाई अख्तियारी दिने निर्णय गरियो। साथै यस सुवर्ण गाउँकार्यपालिकाका सदस्य बिजय कुमार सिंहलाई अख्तियारी दिने निर्णय गरियो। साथै यस सुवर्ण गाउँकार्यपालिकाको कार्यालय,गाउँकार्यपालिकाका सदस्यहरु, बिषयगत समितिका सदस्यहरु, गाउँकार्यसमितीका सदस्यहरु, गाउपालिकामा कार्यरत रहेका कर्मचारीहरु माथि कुनै पनि अर्धन्यायिक निकाय, अड्डा अदालत, नियोग, सम्मानित आयोगहरु लगायत अन्य सम्बन्धित निकायहरुमा उजुरी, निवेदन तथा मुद्दा परेमा यस पालिकाको तर्फबाट लिखित जवाफ, प्रतिउतर, निवेदन तथा फिराद दायर गर्नुका साथै सम्मानित अदालतमा उपस्थित भई रुजु हाजिर रही मुद्दा पुर्पक्ष गर्नको लागि यस सुवर्ण गाउँकार्यपालिकाका सदस्य बिजय कुमार सिंहलाई अख्तियारी दिने निर्णय गरियो।